# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खण्ड:४** **संख्या: २** **मिति: २०७७/०९/२७**


## भाग-२

## सानीभेरी गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७७ सालको कार्यविधि नं ०१

### सानीभेरी गाउँपालिका आपतकालीन बाल उद्धारकोष सञ्चालन कार्यविधि, २०७७

**कार्यपालिकाबाट पास गरेको मितिः २०७७/०९/१७**

**अध्यक्षबाट प्रमाणित गरेको मितिः २०७७/०९/१८**

प्रस्तावनाः सानीभेरी गाउँपालिका भित्र आपतकालमा रहेका बालबालिकाहरुको उद्धार तथा पुनस्थापना कार्यका लागि आपतकालीन बालउद्धार कोष खडा गर्न आवश्यक देखिएकोले प्रशासकिय कार्यविधि (नियमित गर्ने)ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँकार्यपालिका बैठकले यस आपतकालीन बाल उद्धारकोष सञ्चालन कार्यविधि, २०७७ पारित गरेको छ ।

### १. <u>संक्षिप्त नाम र परिभाषाः</u>

(१) यस कार्यविधिको नाम: “गाउँपालिकाआपतकालीन बाल उद्धारकोष सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) “गाउँपालिका" भन्नाले सानिभेरी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका" भन्नाले सानिभेरी गाउँपालिका सरकारलाई सम्झनु पर्छ ।

(ग) “अध्यक्ष" भन्नाले सानिभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानिभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) “कोष" भन्नाले आपतमा परेका बालबालिकालाई सहायत गर्ने आपतकालिन बालउद्धार कोष सम्झनु पर्छ ।

(च) कार्यविधि भन्नाले गाउँपालिकाआपतकालीन बाल उद्धारकोष सञ्चालन कार्यविधि, २०७७ सम्झनु पर्छ।

(छ) उपाध्यक्ष भन्नले सानीभेरी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ज) आपतकालीन अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ ।

(१) जोखिमपुर्ण श्रममा संलग्न रहेका,

(२) हराएका वा व्यवारीसे अवस्थामा फेला परेका एंव पहिचान नभएका,

(३) ऋणको कारणले वन्धकमा रहेका वा जवरजस्ती श्रममावाट पिडित भएका,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुव्यर्वहारवाट पिडित भएका,

(५) दुर्घटना भएका, प्राकृतिक वा गैर प्राकृतिक जन्य विपदमा परेका,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्वन्धित रहेकाकारणले व्यवारिसे भएका,

(७) यौनशोषण, यौन दुव्यर्वहार बेचविखन वा ओसारपसारमा परेका,

(८) हिंसावाट प्रभावित भएका,

(९) बाबुआमा वा संरक्षकवाट वन्चित भएका,

(१०) अपांगता भएका,

(११)सुस्तमनोस्थिति भएका,

(१२)अपहरण वा शरिर वन्धकमा परेका,

(१३)सडक बालबालिका,

(१४) एच. आइ. भि. एडस संक्रमित भएका,

(१५)समितिले तोकेका अन्य बालबालिका,

(क) “समिति"भन्नाले नियम ७ बमोजिम कोष संचालन गर्न समितिलाई बुझाउने छ, साथै यस पालिकामा गठित स्थानीय बालअधिकार समितिलाई समते बुझाउने छ ।

(ख) “बालबालिका" भन्नाले १८ वर्ष उमेर नपुगेका केटा वा केटी दुवैलाई जनाउनेछ ।

(ग) “बाल अधिकार अधिकृत एवं बालकल्याण अधिकारी" भन्नाले पालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न जिम्मेवारी तोकिए बमोजिमको कर्मचारीलाई जनाउने छ ।

(घ) “संरक्षक" भन्नाले आमाबुवा, एकाघरमा बसोवास गर्ने बाजे, बज्यै,( माउली घरका समेत) दाजुभाउजू र काकाकाकी लगायत सरक्षक गर्ने व्यक्तिलाई जनाउनेछ ।

## **<u>३. कोषको स्थापना:</u>**

(१) आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्ने काम समेतका लागि आपतकालिन बालउद्धार निवारण कोष नामक एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन :–

(क) सानीभेरी गाउँपिलकावाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रियसंघ, संस्था वा व्यक्तिवाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिवाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतवाट प्राप्त रकम,

**४.कोषमा रकम जम्मा गर्ने :** बालबालिकाको क्षेत्रमा बालबालिकाको हक हित एंव संरक्षण तथा विपदमा परेका बालबालिकाको उद्धारका लागि गाउँपालिकाले बार्षिक रुपमा कार्यपालिकाकाले तोके बमोजिम रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ । साथै अन्य निकायहरुवाट जम्मा हुने रकमको विषयमा स्थानीय बालअधिकार सिमितको निर्णय एंव अभिलेखिकरणको व्यवस्था दुरुस्त रुपमा गर्नुपर्नेछ ।

## **५.कोषमा रकम उपयोग :**

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः–

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न एवं व्यवस्थापन गर्न,

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत दिन तथा पुर्नस्थापना गर्न,

(ग) स्थानीय बालअधिकार समिति एंव यस समितिवाट स्वीकृत कार्यक्रम संचालन गर्न,

(घ) समितिले तोकेको अन्य काम गर्नएंव स्थानीय बालअधिकार समितिलाई सहयोग गर्न,

(ङ) समितिले खटाएकोक्षेत्रमा बालअधिकार अनुगमन गर्न,

## ६.कोषमा रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१) कोषको रकम दफा (५) मा लेखिएको बाहेक अन्य क्षेत्रमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनि कुल रकमको पाँच प्रतिशत रकम समितिको सचिवालय एंव बैठक संचालनमा लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

## ७.समिति गठन :

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष संचालक समिति रहनेछ।

(२) समिति गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| (ख) सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) महिला बालबालिका शाखाका प्रतिनिधि | सदस्य |
| (ङ) स्वास्थ्य शाखा संयोजक | सदस्य |
| (च) पालिका भित्र रहेका प्रहरी कार्यालयको प्रमुख १ जना | सदस्य |
| (छ) गाउँ बाल संजालका प्रतिनिधि बालक १ जना बालिका १ जना | सदस्य |
| (ज) बाल अधिकार अधिकृत एवं ( बालकल्याण अधिकारी)सदस्य सचिव | |

स्थानीय बालअधिकार समितिले सिफारिस गरेका निर्णयहरुलाई कार्यान्वयन गर्न समेत यस समितिले सहयोग गर्नेछ।

## ८.समितिको काम कर्तव्य र अधिकार :

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, पुर्नस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने ।

(ख) कुनै बालबालिका आपतकालीन अवस्थामा रहेका भए नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम भए नभएको बारे अनुगमन गर्ने, गराउने,

(ङ) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुव दिइने रकमको मापदण्ड बनाउने,

(च) आपतबालीन अवस्थामा रहेका बालबालिका सम्वन्धि अध्ययन, अनुसन्धान गर्ने,

(छ) आपतकालीन अवस्थामा रहेका बालबालिकाकोउद्धार गर्ने,

(ज) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत दिने, पुर्नस्थापना एवं व्वस्थापनमा पहल गर्ने,

(झ) समितिलाई तत्काल आवश्यक नरहेको कोषको रकम उपयूक्त ठाँउमा लगानी गर्ने,

(ञ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्नेआदी ।

## ९.समितिको बैठक र निर्णय:

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ .

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा करिब चौविस घण्टा अगावै समितिको सचिवले कार्यसुची सहितको सुचना सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(४) समितिके कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येवाट छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्णायक मत हुनेछ ।

(७) समितिले आवश्यकतानुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०.सहायता वितरण सम्वन्धि मापदण्ड :

आपत विपदमा परेका तपसिलका जोखिमपुर्ण स्थितका बालबालिकालाई समितिले अवस्था अध्ययन गरी आवश्यक ठानेको खण्डमा प्रति व्यक्ति बार्षिक कम्तीमा २ हजार देखि २० हजार सम्म सहायता गर्नेछ ।

(क) संरक्षण विहिन बालबालिकालाई सामान्य अवस्थामा एक आर्थिक वर्षमा प्रति व्यक्ति रु ५ हजार सम्म,

(ख) टुहुरा बालबालिकालाई मासिक रु २ हजारका दरले नियमित चौमासिक रुपमा उलव्ध गराउन सकिनेछ, तर आमाबुवा दुवै जनाको मृत्यू दर्ताको प्रमाणप्रत्र गाउँपालिकामा अनिवार्य पेश हुनुपर्नेछ ।

(ग) उपचार गर्दा स्वमं पिडित बालबालिकाको रोग एवं अवस्था हेरी, आमाबुवा नभएकालाईबढीमा रु २० हजार सम्म, अति गरिव विपन्नलाई रु १२ हजार सम्म, मध्य खालकालाई रु ८ हजार सम्म, र सामान्य खालकालाई समितिले आवश्यक ठानेको खण्डमा रु ५ हजार सम्म सहायता गर्न सक्नेछ ।

(घ) समितिले आर्थिक सहयोग गर्न आवश्यक ठानेको खण्डमा मात्र निर्णय गरे बमोजिमको हुनेछ।

## ११.खाता संचालन :

(१) कोषको रकम गाउँपालिकाले कारोवारो गरेका बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको संचालन कार्यालय प्रमुख र लेखा शाखाको प्रमुखको सयूक्त दस्तखतवाट हुनेछ।

## १२.सेवा प्रासीको प्रक्रिया सम्वन्धमा :

(१) यस कार्यविधि बमोजिम राहत प्रास गर्न योगय बालबालिकाका संरक्षकले तोकिए अनुसारको ढाँचा (अनुसुची १ )बमोजिम गाउँपालिका स्थित स्थानीय बालअधिकार समितिमा विवरण खुलाई निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनका साथ आवश्यक परेमा तपसिलका अनुसारका कागजात पेश गर्नु पर्नेछ ।

(क) प्रभावित व्यक्तिको जन्मदर्ताको फोटोकपी ।

(ख) सम्वन्धित वडाको प्रभावित व्यक्तिको विवरण खुलाइ सिफारिस ।

(ग)शैक्षिक सहायता प्रदान गर्दाको हकमा सम्वन्धित विद्यालयको सिफारिस ।

(घ) आवश्यकताको आधारमा अभिभावकको मृत्यूदर्ताको प्रतिलिपी ।

(ङ) आवश्यकताको आधारमा उपचार गरेका विल, हस्पिटलले रिफर गरेको कागज ।

(च) आवश्यकताको आधारमा प्रहरी मुचुल्का ।

(छ) संरक्षकको नागरिकताको प्रतिलिपी ।

(ज) आवश्यकताको आधारमा बालक र संरक्षकको नाता प्रमाणित कागजको प्रतिलिपी ।

**१३.कोषको लेखा र लेखा परिक्षणः**

(१) कोषको आय व्ययको लेखा गाउँपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम हुनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

**१४.रकम फ्रिज नहुनेः** प्रचिलत कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१५.प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफुले गरेका कार्यको बार्षिक प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

(३) प्रतिबेदन व्यवस्थित गर्ने जिम्मा समितिका सदस्य सचिव एवं बाल अधिकार अधिकृतको हुनेछ ।

**१६.बैठक भत्ता :** समितिका पदाधिकारीहरु एवं बैठकमा आमन्त्रितहरुले कानून बमोजिमगाडीभाडा स्वरुप मात्र बैठक भत्तापाउने छन् ।

**१७.अभिलेख राख्ने :** समितिले आफुले गरेको काम कार्वाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१८. निर्देशन दिन सक्नेः**

(१) गाउँकार्यपालिकाले समितिको काम कार्वाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**<u>१९.कोष सम्वन्धमाः</u>**

(१) कोष संचालन कार्यविधि आवश्यकताको आधारमा कार्यपालिकावाट हेरफेर गर्न सकिनेछ ।

(२) कुनै कारणबस कोष संचालन गर्न आवश्यक नभएमा गाउँकार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा भएको रकम गाउँपालिकामा स्वतःहस्तान्तरण हुनेछ

**<u>२०. संशोधन सम्वन्धमाः</u>**

(१) आवश्यकताको आधारमा यस कार्यविधि लाई कार्यपालिकावाट संशोधन गर्न सकिनेछ ।

**<u>२१. बचाउ सम्वन्धमाः</u>**

(१) यो कार्यविधि जारी हुनुभन्दा अगावै गाउँपालिका भित्र आपतकालमा रहेका बालबालिकाहरुको उद्धार तथा पुनस्थापना गरेका सवै काम यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**(अनुसुची १)**

मितिः—२०७७/...../.........

श्रीमान प्रमुख प्रशासकीय ज्यू,
सानीभेरी गाउँपालिका, रुकुम (पश्चिम)।

विषयः— आर्थिक सहायता (राहत) उपलव्ध गराई पाँउ भन्ने वारेः

उपरोक्त सम्वन्धमा यस सानीभेरी गाउँपालिका वडा नं. .... रुकुम (पश्चिम) स्थाथी ठेगाना भएका श्री.........................................................का छोरा/ छोरी वर्ष ..... का श्री...................................को ..................................................................................................................................................... ..................................................................................................................................................... ........................ को कारण समस्या परेको हुनाले नियमानुसार आर्थिक सहयोग गरी पाँउ भनि आवश्यक कागजात सहित यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**<u>निवेदकको</u>**

नामः.........................................

हस्ताक्षरः .......................

ठेगानाः .............................................

आज्ञाले,

नाम:भूपाल सिं विष्ट

प्रमुख प्रशासकीय अधिकृत